# सङ्केतहरू, चित्रणहरू, प्रतिकहरू:

## बाइबलको भविष्यवाणी कसरी अध्ययन गर्ने

## (Allusions Images Symbols: How to Study Bible Prophecy)

**लेखक:**

शन बुनस्ट्रा

(Shawn Boonstra)

**भावानुवादक:**

भजुराम तखाछेँ श्रेष्ठ

**नेपाल सेक्सन अभ सेभेन्थ-डे एड्भेन्टिस्ट**

सन् २०२५ (बि.सं. २०८१)

**<u>ईन्टरनेट वेबसाइटहरू:</u>**

- https://www.nepalworks.com/bhajupurna
- https://www.sabbathschoolpersonalministries.org/international
- https://shekinahonme.weebly.com/sabbath-school-lessons.html
- https://www.fustero.es/index_ne.php

**प्रतिलिपि अधिकार:** © जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एड्भेन्टिस्ट, २०२५ र नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट।

**सम्पादक:**
क्लिफोर्ड अर गोल्डस्टाइन

**सह सम्पादक:**
सोराया शैडविलर

**मुद्रण व्यवस्थापक:**
लिय अलेक्जान्डर ग्रीभ

**सम्पादन सहयोगी:**
शारोन थोमास क्र्युज

**पासिफक प्रेस:**
मिग्वेल भालडिभिया

**चित्र र आवरण:**
लार्स जस्टिनन।

**भाषा शुद्धीकरण तथा कम्प्यूटर लेआउट:**
नेपला सेक्सन अभ सेभेन्थ-डे एड्भेन्टिस्ट प्रकाशन विभाग

**प्रथम संस्करण:** २०८१ (ई.सं. २०२५)

**भजुराम श्रेष्ठ,** ✆ ९८४०२९२७८५ – **bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

**प्रकाशक:**
उमेश कुमार पोखरेल, ✆ ९८४३२२८६०६

**वितरक:**
रविन बस्याल, ✆ ९८१०४९६७३३
कुबेर लामिछाने, ✆ ९८४१७१५०९५
केशव कुमार राई, ✆ ९८४२५३३९५१

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केही अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको copyright @1997, 2006, 2009, 2011 पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भविष्यवाणीका निम्ति पूर्वजहरू



पहिलो गल्फ युद्धमा (१९९१), एक जना प्रख्यात प्रोटेस्टेन्ट इसाई लेखक र प्रचारकले प्रकाशको पुस्तकमा यो युद्धको बारेमा भविष्यवाणी गरेको छ भनेर ठोकुवा गरेका थिए। युद्धमा देखा परेका केही हेलिकप्टरहरू प्रकाश ९मा उल्लेख गरेका सलहहरू जस्तै हुन् भन्ने उनको तर्क थियो। "त्यसले अतल कुण्ड खोल्यो, र त्यस कुण्डबाट आगोको ठूलो भट्टीबाट निस्केको धूवाँजस्तो आयो, र कुण्डको धूवाँले सूर्य र वायुमण्डल अँध्यारो पार्‍यो। त्यस धूवाँबाट पृथ्वीमा सलहहरू निस्के, र पृथ्वीका बिच्छीहरूको जस्तो शक्ति तिनीहरूलाई दिइयो" *(प्रकाश ९:२-३)*।

के बाइबलको भविष्यवाणी यसरी व्याख्या गर्ने यो सक्कली हो त? तर यस खालका व्याख्याहरू प्रायः जसो साधारण नै भइसकेका छन्। अझ भनौं भने प्रायः जसो मध्यपूर्वमा भइरहेको सङ्घर्षलाई केन्द्रित गरेर केही दशकमा अनेकौँ पुस्तक, लेख, भिडियो र वेबसाइटहरू भविष्यवाणीमा नै लक्षित गरेर निकालिरहेका छन्। अझ कुन घटना वा युद्ध कुन समयमा हुनेछ भनेर मिति टोकेरै लेखिएका छन्।

अत्यन्तै अचम्मलाग्दो कुरो त मानिसहरूले गरेका ती सबै भविष्यवाणीहरू सही वा पूरा नभएको प्रमाणित छ।

हामी सेभेन्थ-डे एड्भेन्टिस्टहरू भएका हैसियतले भविष्यवाणीहरूलाई बुझ्न अर्कै नीति अपनाउँछौं। त्यो नीति हो, येशू केन्द्रित। भविष्यवाणीहरूका फोकस वा केन्द्रविन्दु मध्यपूर्वको एउटा भोगोलिक देश वा स्थान र सैनिकहरूको द्वन्द्वमा छैन। बरु, भविष्यवाणीहरूलाई ख्रीष्ट र शैतानको बिचमा भइरहेको महान् द्वन्द्व वा सङ्ग्रामको चस्माले हामी हेर्छौं। यस संसारमा भइरहेको विश्वव्यापी आत्मिक सङ्घर्षको चुली हुनेछ

जब परमेश्वरका जनहरू, यहूदी र अन्यजातिहरूले *(प्रकाश १२:१७; १४:१२)* अन्तिम सङ्कट सामना गर्नेछन्। त्यो अन्तिम सङ्कटको केन्द्रविन्दु यही हुनेछ: सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने वा उहाँप्रति बफादारी हुने *(प्रकाश १४:७)* वा पशु अर्थात् शैतान र उसको चित्रण वा प्रतिकको आराधना गर्ने वा त्यसप्रति बफादारी हुने।

अन्तिम युगका भविष्यवाणीहरू बुझ्ने मुख्य तत्त्व दानिएल २मा पाइन्छ। यसमा संसारको इतिहासको रूपरेखा भविष्यवाणीद्वारा मात्र चित्रण गरिएको छैन यसमा तिनीहरूका अर्थहरू रचनात्मक रूपमा व्याख्या गर्ने साँचो उल्लेख गरिएको छ।

दानिएल २ले चार वटा विश्वका साम्राज्यहरूको बारेमा चित्रण गरिएको छ। ती साम्राज्यहरू हुन्, बेबिलोन, मादी-फारस (मिडपर्सिया), ग्रीस र रोम। अनि त्यसपछि अनन्तको कहिल्यै नाश नहुने परमेश्वरको राज्य। "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ" *(दानिएल २:४४)*। त्यस्तै समानान्तर भविष्यवाणीहरू दानिएल ७ र ८मा दिइएका छन्। तिनीहरूमा पनि त्यही विश्वसाम्राज्यको बारेमा रूपरेखा प्रस्तुत गरिएको छ। जबसम्म परमेश्वरको राज्य सदाको निम्ति स्थापना हुँदैन तबसम्म यस संसारमा सांसारिक साम्राज्य वा सुपर पावरहरूको उदय र पतन भइ नै रहनेछ।

*चित्रण, प्रतिक, सङ्केत, रूपकहरू नम्र र समर्पित मिजासले हामी अध्ययन गर्नेछौं। ... युगका अन्त्यका भविष्यवाणीहरू र विशेष गरेर प्रकाशको पुस्तकमा रहेका भविष्यवाणीहरूले हाम्रो जीवनलाई अर्थमूलक बनाउन र बाँचिरहनु आधार दिन यी प्रतिक र सङ्केतहरू सहायता गर्नेछन्*

दानिएल ७मा स्वर्गदूतले हाम्रो निम्ति साम्राज्यहरूको बारेमा यसरी व्याख्या गर्छन्, "ती चार ठूला पशुहरूचाहिँ पृथ्वीमा खड़ा हुने चार राज्यहरू हुन्। तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'" *(दानिएल ७:१७, १८)*।

चार वटा विश्व साम्राज्यहरू (बेबिलोन, मादी-फारस, ग्रीस र रोम) क्रमवद्ध रूपमा

इतिहासमा एक पछि अर्को उदय र पतन भएको छ। त्यो क्रम त्यस बेला अन्त्य हुनेछ जब येशूको दोस्रो आगमन हुन्छ र परमेश्वरले उहाँको अनन्तको राज्य यसै पृथ्वीमा स्थापना गर्नुहुनेछ।

हो, हामी अझै पनि यहीँ छौं। हामी चौथो साम्राज्य रोमको पछि त्यसबाट विभाजित राज्यहरूमा छौं। येशूको दोस्रो आगमन पछि ती सांसारिक राज्यहरू सदाको निम्ति पतन हुनेछन्।

भविष्यवाणीको आधार बुझ्न ऐतिहासिक दृष्टिकोणको आवश्यकता छ। यसै सन्दर्भमा, बाइबलको भविष्यवाणी कसरी व्याख्या गर्ने भन्ने विषयवस्तु अध्ययन गर्न यस पुस्तक तयार पारिएको छ। यही क्रममा भविष्यवाणीको सत्यलाई उजागर गर्न र युगको अन्तमा हुने घटनाहरूलाई प्रस्तुत गर्न केही सङ्केत, कथा, चित्रण र प्रतिकहरू हामीले नियाल्नेछौं।

उत्पत्तिमा रहेको सृष्टिको विवरणबाट हामी अघि बढ्नेछौं। भविष्यवाणी अध्ययन गर्न मात्र होइन तर पछि हुने घटनाहरू पनि बुझ्न उत्पत्तिको आवश्यकता पर्दछ, विशेष गरेर क्रूसमा येशूको पश्चात्तापको बलि। बाबेलको धरहरा, पवित्रस्थानमा गरिने विधिहरू, भजनसंग्रह साथै पुरानो करारमा भएका केही विवाहहरूको बारेमा हामी नियाल्नेछौं। ती समेत हामीले चित्रण, प्रतिक, सङ्केत, रूपकहरू नम्र र समर्पित मिजासले अध्ययन गर्नेछौं। यदि हामीले विद्रोही र शङ्काको भावनाको नियतले अध्ययन गर्‍यौं भने हामीले हाम्रो समयलाई बरबाद गरिरहेका हुनेछौं। युगका अन्त्यका भविष्यवाणीहरू र विशेष गरेर प्रकाशको पुस्तकमा रहेका भविष्यवाणीहरूले हाम्रो जीवनलाई अर्थमूलक बनाउन र बाँचिरहनु आधार दिन यी प्रतिक र सङ्केतहरू सहायता गर्नेछन्।

यो स्पष्ट छ कि यो भविष्यवाणीको सत्यलाई खोल्न र अध्ययन गर्न वा बुझ्न यस पुस्तकमा उल्लेख गरिएका सबै कथा र चित्रणहरू मात्र पर्याप्त छैन। ती सबै बुझ्न हामीलाई अनन्त जीवन नै चाहिन्छ। तर त्यस समय नआउञ्जेल परमेश्वरको अनुग्रहले हामीले जे सक्दो त्यही अध्ययन गर्नेछौं।

शन बुनस्ट्रा भ्वाइस अभ प्रोफेसीका वक्ता र निर्देशक हुनुहुन्छ। उहाँले प्रसारण गर्नुभएका सन्देश र पुस्तकहरू विश्वभरी प्रेरणाको स्रोत भएका छन्। वर्षौं-वर्षदेखि उहाँ सुसमाचारको बारेमा कार्यक्रमहरू चलाउँदै अन्टार्टिक महादेशमा बाहेक यस संसारका सबै महादेशहरूमा प्रचारप्रसार गर्नभएको छ।

# विषय सूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | भविष्यवाणी बुझ्न केही सिद्धान्त वा नीतिहरू | ६ |
| २. | उत्पत्तिको पुस्तकमा रहेको हाम्रो विश्वास वा विद्याको आधार वा जग | २२ |
| ३. | विवाहका चित्रण वा प्रतिकहरू | ३८ |
| ४. | राष्ट्रहरू: भाग १ | ५४ |
| ५. | राष्ट्रहरू: भाग २ | ७० |
| ६. | बाइबलीय बलि प्रथाको बारेमा ज्ञान | ८६ |
| ७. | भविष्यवाणीका जगहरू | १०२ |
| ८. | भजनसंग्रहको पुस्तकमा: भाग १ | ११८ |
| ९. | भजनसंग्रहको पुस्तकमा: भाग २ | १३४ |
| १०. | जसमाथि अन्त्यहरू आइपुगेका छन् | १५० |
| ११. | रूथ र एस्तर | १६६ |
| १२. | अन्तिम युगमा हुने भविष्यवाणी | १८२ |
| १३. | युगको अन्तका प्रतिमूर्ति वा प्रतिकहरू | १९८ |

# अस्थायी पाना

**<u>सुझाव</u>**: त्रैमासिक अध्ययन आषाढ १३, २०८२ (June 27, 2025) पछि आफ्नो इच्छाअनुसार यो पाना च्यातिदिनुहोला। प्रत्येक अध्याय शनिबार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनुपर्दा प्रत्येक शुक्रबारसम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात् शबाथमा सिकाउनुहोला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नुहुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्बन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

१. अध्याय १ .......................... चैत्र १६-२२ ................. (Mar. 29-Apr. 4)
२. अध्याय २ .......................... चैत्र २३-२९ .......................... (Apr. 5-11)
३. अध्याय ३ ...................... चैत्र ३०-बैशाख ५ ................... (Apr. 12-18)
४. अध्याय ४ ......................... बैशाख ६-१२ ...................... (Apr. 19-25)
५. अध्याय ५ ........................ बैशाख १३-१९ ............... (Apr. 26-May 2)
६. अध्याय ६ ........................ बैशाख २०-२६ .......................... (May 3-9)
७. अध्याय ७ ...................... बैशाख २७-जेठ ३ .................... (May 10-16)
८. अध्याय ८ .......................... जेठ ४-१० ........................ (May 17-23)
९. अध्याय ९ .......................... जेठ ११-१७ ...................... (May 24-30)
१०. अध्याय १० ........................ जेठ १८-२४ ................ (May 31-June 6)
११. अध्याय ११ ........................ जेठ २५-३१ ......................... (June 7-13)
१२. अध्याय १२ .................... जेठ ३२-आषाढ ६ .................... (June 14-20)
१३. अध्याय १३ ....................... आषाढ ७-१३ ...................... (June 21-27)